नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्वत, कुश्मा

फोन नं. ०६७-४२०१३३,
४२०१३४,
४२११७२
फ्याक्स नं. ०६७-४२०३०३

प.सं.:- २०७८/०७९
च.नं.:- २६२४

मिति:- २०७८/१०/१५

विषय : निर्णय पठाइएको सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै,
पर्वत ।

प्रस्तुत विषयमा मिति २०७८।१०।१५ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला कोभिड-१९ व्यवस्थापन केन्द्रको वैठकको निर्णय यसै साथ संलग्न राखी आवश्यक जानकारी एवम् कार्यान्वयनको लागि पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

०७८।१०।१५
नविन सुवेदी
प्रशासकीय अधिकृत

आज मिति २०७८।१०।१५ मा प्रमुख जिल्ला अधिकारी एवं जिल्ला कोभिड व्यवस्थापन समितिका संयोजक श्री देबी पाण्डे खत्रीको अध्यक्षतामा बसेको बैठकको उपस्थिति एवं निर्णय देहायअनुसार रहेको छ।

**विशेष उपस्थिति**

| | | | | |
|---|---|---|---|---|
| १ | समन्वय समिति प्रमुख | श्री मनोहर वि. पौडेल | जिल्ला समन्वय समिति, पर्वत | |

**उपस्थिति**

| | | | | |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | श्री देबी पाण्डे खत्री | जिल्ला प्रशासन कार्यालय, पर्वत | |
| २ | जिल्ला समन्वय अधिकारी | श्री सुरेश ढकाल | जिल्ला समन्वय समितिको कार्यालय, पर्वत | |
| ३ | सशस्त्र प्रहरी उपरीक्षक | श्री नरेन्द्र बम | सशस्त्र प्रहरी बल नेपाल नं २५ गण हेक्वा | |
| ४ | सेनानी | श्री शम्शेर बहादुर सिह | केवलजंग गुल्म | |
| ५ | प्रहरी नायब उपरीक्षक | श्री शिवराज बुढाथोकी | जिल्ला प्रहरी कार्यालय, पर्वत | |
| ६ | प्रमुख अनुसन्धान अधिकृत | श्री देवेन्द्र खतिवडा | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| ७ | मे.सु. | डा. ढुण्डीराज पौडेल | पर्वत अस्पताल | |
| ८ | नि. कार्यालय प्रमुख | श्री सन्तोष पौडेल | स्वास्थ्य कार्यालय,पर्वत | |

**आमन्त्रित सदस्यहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | व.उपाध्यक्ष | श्री ठाकुर वि. पौडेल | उद्योग वाणिज्य संघ, पर्वत | |
| २ | प्र.अ. | श्री नविन सुवेदी | जिल्ला प्रशासन कार्यालय, पर्वत | |
| ३ | कोषाध्यक्ष | श्री डिल बहादुर वि.क. | पत्रकार महासंघ, पर्वत | |
| ४. | क.अ. | श्री भरत सापकोटा | जिल्ला प्रशासन कार्यालय, पर्वत | |

**छलफल तथा निर्णयहरु:**

१. यसअघिका बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो।

२. कोभिड-१९ को नयाँ भेरियन्ट (ओमिक्रोन) सहितको संक्रमण तिव्र रुपमा फैलिरहेको सन्दर्भलाई दृष्टिगत गरी सो को यस जिल्लामा पर्न सक्ने प्रभाव रोकथाम, नियन्त्रणका सम्बन्धमा अर्को निर्णय नभएसम्मका लागि तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

क. सिनेमा हल, पार्टी प्यालेस, जिम खाना, कभर्ड हल, स्पोर्ट क्लव, स्वीमिङ पुल, व्युटीपार्लर, शैलुन जस्ता मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रमहरु बन्द गर्ने ।

ख. विद्यालय, विश्व विद्यालय, कलेज, टयूशन सेन्टरहरुबाट भौतिक उपस्थितिमा सञ्चालन हुने पठनपाठन, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरु संचालन नगर्ने ।

ग. सबै प्रकारका आमसभा, जुलुस तथा धेरै मानिस भेला हुने क्रियाकलापहरु बन्द गर्ने ।

घ. जिल्लामा रहेका मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्डहरुको पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्रार्थना बाहेकका क्रियाकलापहरु बन्द गर्ने ।

३. जिल्लास्थित सेवाप्रदायक निकायहरुले सेवा प्रवाह गर्दा सेवाग्राहीहरुले अनिवार्य रुपमा कोभिड विरुद्धको खोप लगाएको प्रमाण देखाउने (खोप कार्डको मोवाइलमा फोटो भए पनि हुने) व्यवस्था अनिवार्य रुपमा लागू गर्ने निर्णय गरियो ।

४. डिपार्टमेन्टल स्टोर तथा अन्य प्रकारका पसलहरु एक पटकमा पच्चीस जना भन्दा वढि हुन नहुने, कुनै पनि सामानहरु अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको विचमा कम्तिमा दुई मिटरको दुरी कायम गर्ने, मास्कको अनिवार्य उचित प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजर प्रयोग लगायतका तोकिएका स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी गराइ सञ्चालन गर्ने निर्णय गरियो ।

५. धार्मिक वा सास्कृतिक जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, व्रतवन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सास्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पच्चीस जना भन्दा बढी नहुने गरी तोकिएका जनस्वास्थ्यका मापदण्डहरुको पालना गरी परिवारमा मात्र सीमित भएर सञ्चालन गर्ने निर्णय गरियो ।

६. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :

क. सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

ख. सबै यात्रु र कर्मचारीहरुले मास्कको प्रयोग गर्ने गराउने ,

ग. सावरी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

घ. सहचालकले अनिवार्य रुपमा मास्क र फेस-सिल्ड लगाउनु पर्ने ,

ङ. सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्नु पर्ने,

च. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले वढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउने,

छ. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश नदिने ।

७. होटेल तथा रेष्टुरेण्ट संचालनका लागि तपसिल बमोजिमका मापदण्डहरुको पालना गरी सञ्चालन गर्ने निर्णय गरियो ।

क. होटेल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क, फेस-सिल्ड र पञ्जा लगाउने,

ख. होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीहरुलाई अनिवार्य रुपमा मास्कको उचित प्रयोग गर्न लगाउने,

२०७८।१०।१५

ग. कूल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,

घ. होटेल तथा रेष्टुरेण्टहरुमा प्रत्येक टेवल तथा कोठामा सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

ङ. होटेल तथा रेष्टुरेष्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने,

च. खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीहरुलाई मात्र खोप कार्डको आधारमा होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्न दिने,

छ. सबै प्रकारका रेष्टुरेण्ट सञ्चालन गर्दा बाजागाजा (**Live Music**)बजाउने कार्य पूर्ण रुपमा रोक्का गरी राती २१:०० बजे सम्म मात्र सञ्चालन गर्न सकिने ।

८. कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य कार्यालयले स्थानिय तहको समन्वयमा PCR र Antigen परिक्षणको दायरा बढाउने निर्णय गरियो ।

९. सावर्जनिक स्थलमा आवतजावत गर्दा अनिवार्य रुपमा माक्सको प्रयोग गर्नुपर्ने, सो को प्रयोग नगरी आवतजावत गर्नेहरुलाई नेपाल प्रहरीले प्रचलित कानुन अनुसार जरिवाना गर्ने निर्णय गरियो ।

१०. बैङ्क तथा वित्तीय संस्थाहरुले सेवा तथा कार्यको लागि विद्युतीय भुक्तानी प्रणाली लागू गर्न सम्बन्धित बैंकहरुलाई अनुरोध गर्ने ।

११. कार्यालयमा कार्यरत कर्मचारीलाई कोभिड देखिई कुश्मा नगरपालिका, पर्वत अस्पताल र नापी कार्यालयले अत्यावश्यक बाहेकका सेवा बन्द गरी सो को सहमती माग गरेकोमा यस बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

१२. कोभिड खोप लगाउन छुटेका व्यक्तिहरुलाई जिल्ला स्वास्थ्य कार्यालयको समन्वयमा जिल्ला प्रशासन कार्यालय, पर्वतमा मिति २०७८।१०।१६ गतेबाट अस्थायी खोप केन्द्र राखी खोप अभियानलाई तिव्रता दिने निर्णय गरियो ।

२०७८।१०।१२